मुक्तिनाथ दर्शन सेवा
दैनिक माइक्रोबस छुट्ने समय : बिहान ६:३० बजे
पोखरा साइडसिन सेवा
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर
मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012 544439, 9856051659, 9856034631

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क: ०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २६ ❑ अङ्क २११ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ साउन २७ गते मंगलबार ❑ 11 Aug. 2025 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-

## गण्डकी प्रदेशले ७ निर्देशनालय खारेज गरेसंगै १८५ कर्मचारी दरबन्दी कटौती

**पोखरापत्र संवाददाता**
पोखरा, २६ साउन

गण्डकी प्रदेश सरकारले प्रशासनिक खर्च कटौतीका लागि ठूलो संरचनागत पुनर्संरचना गर्दै ७ वटा निर्देशनालय र दुई केन्द्र खारेज गरेको छ।

त्यसै गरी प्रदेश सरकारले १ सय ८५ कर्मचारी दरबन्दी कटौती गरेसंगै विभिन्न जिल्लामा रहेका ३२ कार्यालयलाई गाभेर १७ मा मर्ज गरिएको गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले सोमबार पोखरामा आयोजित पत्रकार सम्मेलनमा उक्त कुरा जानकारी गराउनु भएको हो।

उहाँले भन्नुभयो "हामीले प्रदेशलाई आत्मनिर्भर बनाउन, कम खर्च गर्न, प्रदेशमा खर्च कटौती र मितव्ययिता अपनाउन हामीले कर्मचारीका संघ-संगठनदेखि विभिन्न पक्षसँग छलफल गरी यो निर्णय गरेका हौं। यसबाट तलबभत्ता मात्र हेर्दा वर्षमा करिब ४० करोड रूपैयाँ बचत हुनेछ भने कार्यालयगत खर्च समेत जोड्दा करिब एक अर्ब रुपैयाँको आर्थिक भार घट्नेछ।"

यो निर्णय पूर्वसचिव शरदचन्द्र पौडेलको अध्यक्षतामा गठन भएको प्रदेश प्रशासनिक संरचना पुनरावलोकन समितिको सिफारिस अनुसार मन्त्रिपरिषद्ले पारित गरेको हो। मुख्यमन्त्री पाण्डेले ७ वर्षअघि प्रदेश स्थापना भएयता केही कार्यालय र निर्देशनालय औचित्यविहीन भएसंगै प्रभाव कम भएको हुदा उक्त निर्णय लिइएको जनाउनु भयो।

प्रदेश सरकारले खारेज गरेका निर्देशनालय र केन्द्रहरू मध्य पर्यटन, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, कृषि विकास निर्देशनालय, पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय, पूर्वाधार विकास निर्देशनालय, वन निर्देशनालय, शिक्षा विकास निर्देशनालय र प्रदेशिक स्वास्थ्य निर्देशनालय पूर्ण रूपमा खारेज भएका छन्। त्यसै गरी प्रदेशिक स्वास्थ्य तालिम केन्द्र र प्रदेशिक स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र पनि बन्द गरिएको उहाँले जनाउनु भयो। त्यसै गरी प्रदेश सरकारले ३२ वटा कार्यालयलाई एकआपसमा गाभेर १७ वटामा झारेसंगै एकीकृत गरिएको छ। पर्यटन तथा उद्योग कार्यालय म्याग्दी-मुस्ताङ, बाग्लुङ-पर्वत, स्याङ्जा-कास्की, तनहुँ-गोरखा र लमजुङ-मनाङमा गाभिएका छन्।

त्यस्तै, कृषि क्षेत्रमा मनाङ र मुस्ताङका कृषि ज्ञान केन्द्र तथा पशु सेवा विज्ञ केन्द्रहरू एकीकृत भएका छन्। बाली संरक्षण, माटो तथा मल परीक्षण र बीउबिजन गुणस्तर नियन्त्रण केन्द्र गाभेर ' एकीकृत प्रयोगशाला' बनाइने भएको छ। सामाजिक विकास कार्यालय पनि पर्यटन कार्यालयकै मोडलमा मर्ज गरिएका छन्। व्यावसायिक तथा सीप विकास तालिम केन्द्र पर्वत-कास्कीलाई 'गण्डकी प्रदेश प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रतिष्ठान'मा गाभिएको छ। स्वास्थ्यमा प्रदेशिक क्षयरोग नियन्त्रण केन्द्रलाई जनस्वास्थ्य प्रयोगशालामा, र भूमिगत जलस्रोत तथा सिँचाइ विकास कार्यालयलाई जलस्रोत तथा सिँचाइ विकास डिभिजनमा समायोजन गरिएको छ।

पुनर्संरचनाबाट फालिने कर्मचारीलाई मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा समायोजन गरिने र रिक्त पदहरू प्रदेश निजामती सेवाबाट पूर्ति गरिने भएको छ। अन्य सेवाबाट काजमा आएका कर्मचारीलाई फिर्ता पठाइने पनि सरकारले स्पष्ट नीति लिएको मुख्यमन्त्री पाण्डेले बताउनु भयो। उहाँले पहिला आफ्ना प्रदेशमा कर्मचारीलाई प्रथामिकता दिने त्यस पछि संघका कर्मचारीलाई आफुहरुले लिने उल्लख गर्नुभयो।

उक्त कदमले हाल केही समय कर्मचारी र केही सेवाग्राहीलाई असर परे पनि प्रदेश सरकारलाई दीर्घकालीन रूपमा आर्थिक रूपमा धेरै सहज हुने मुख्यमन्त्री पाण्डेको भनाई थियो। साथै खारेज भएका कार्यालयको सेवा प्रवाह सम्बन्धित जिल्ला कार्यालयबाट सेवा वितरणलाई छरितो र प्रभावकारी बनाउने भएको उहाँले बताउनु भयो।

## पोखरामा गण्डकी प्रदेश प्रेस रजिष्ट्रार कार्यालयको उद्घाटन

**पोखरापत्र संवाददाता**
पोखरा, २६ साउन



गण्डकी प्रदेशमा सञ्चार क्षेत्रको नियमन, पारदर्शिता र पेशागत पत्रकारिता प्रवर्द्धनलाई थप व्यवस्थित बनाउन स्थापना गरिएको प्रदेश प्रेस रजिष्ट्रार कार्यालयको औपचारिक उद्घाटन सोमबार पोखरामा सम्पन्न भएको छ।

गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्र राज पाण्डेले उक्त कार्यालयको उद्घाटन गर्दै लोकतन्त्रको मेरुदण्ड स्वतन्त्र प्रेस भएको उल्लेख गरे।

प्रेस स्वतन्त्रतासँगै उत्तरदायित्व पनि अनिवार्य भएको भन्दै गण्डकी प्रदेश सरकारले प्रेस रजिष्ट्रार कार्यालयको स्थापना गरेको उनले बताए। पत्रकारिता व्यवसायमा कानुनी स्पष्टता, अभिलेख व्यवस्थापन र पारदर्शिता अभिवृद्धि गर्न उक्त कार्यालय अग्रसर रहने विश्वास उनको छ। "गण्डकी प्रदेश प्रेस रजिष्ट्रार कार्यालयको स्थापना एक ऐतिहासिक कदम हो, जसले पत्रकारिता व्यवसायमा कानुनी स्पष्टता, अभिलेख व्यवस्थापन र पारदर्शिता अभिवृद्धि गर्नेछ। यसले सञ्चार माध्यमहरूलाई व्यवस्थित गर्दै पत्रकार र सञ्चार संस्थाबीचको आपसी विश्वासलाई मजबुत पार्नेछ", उनले भने। प्रदेश सरकारले पत्रकारिताको स्वतन्त्रता र पेशागत अधिकारको रक्षा गर्दै जिम्मेवार सञ्चारलाई प्रोत्साहन दिन आवश्यक नीतिगत, संरचनात्मक र स्रोतगत सहयोग निरन्तर उपलब्ध गराउने उनले बताए। गण्डकी प्रदेश सरकारका प्रमुख सचिव डा. खगेन्द्रप्रसाद सुवेदीले सञ्चार स्वतन्त्रताको संरक्षण र जिम्मेवार पत्रकारिताको विकासमा प्रेस रजिष्ट्रारको कार्यालय महत्वपूर्ण बन्ने बताए। प्रदेश सरकारले यस संस्थालाई आवश्यक नीति, संरचना र स्रोतसाधनका माध्यमबाट सहयोग गर्ने भनाई उनको छ। कार्यक्रममा प्रेस रजिष्ट्रार विमला भण्डारीले कार्यालयको उद्देश्य, कानुनी अधिकार र कार्यक्षेत्रबारे विस्तृत जानकारी गराइन्। उनले कार्यालयले गर्ने कार्यहरूलाई स्पष्ट पार्दै कार्यालय केवल दर्ता र नवीकरणको निकाय मात्र नभई पत्रकारिता क्षेत्रमा पारदर्शिता, उत्तरदायित्व र पेशागत मर्यादा कायम गर्ने अभिभावक संस्था हुने उल्लेख गरिन्। उनका अनुसार, कार्यालयले आमसञ्चार क्षेत्रको वार्षिक योजना तथा कार्यक्रम निर्माण, सञ्चार संस्थाको सञ्चालन अनुमतिपत्र प्रदान र नवीकरण, १०० देखि १,००० वाटसम्मको एफ.एम. रेडियोको इजाजत, छापामाध्यम, अनलाइन, टेलिभिजन र केबल वितरकको अभिलेख व्यवस्थापन, फ्रिक्वेन्सी योजना निर्माण, गुनासोको सुनुवाई, अनुसन्धान र मूल्याङ्कन, श्रमजीवी पत्रकारको सेवा-सुविधा अनुगमन, पत्रकारको कल्याणकारी कोष, विज्ञ सूची निर्माण, तालिम तथा छात्रवृत्ति समन्वय, लोककल्याणकारी विज्ञापन वितरण, वर्गीकरण र सिफारिस र प्रदेश सरकार, सञ्चार संस्था तथा पत्रकारबीचको समन्वय जस्ता जिम्मेवारीहरू निर्वाह गर्नेछ। गण्डकी प्रदेश सरकारले तयार पारेको आमसञ्चार विधेयकमा अनलाइन पत्रिका दर्ता तथा नविकरणसम्बन्धी स्पष्ट प्रावधानहरु समेटिएको र प्रेस रजिष्ट्रारको कार्यालयबाट नै उक्त कार्य गर्न पहलकदमी तर्फ आफु लागिरहेको भनाई उनको छ। अनलाइन पत्रिकाको दर्ता र नविकरणको विषय प्रेस रजिष्ट्रार कार्यालयबाट प्रभावकारी रूपमा कार्यान्वयन गर्दा प्रदेशभर आमसञ्चार क्षेत्रको समृद्धि, पारदर्शिता र गुणस्तरमा वृद्धि हुने विश्वास उनको छ। अनलाइन मिडियाको दिगो विकासमा जोड दिने विषयमा आफु प्रतिबद्ध रहेको उनले उल्लेख गरिन्। पत्रकारिता समाजको विश्वासको आधारभएकोउल्लेखगर्दैकार्यालयको

बाँकी अन्तिम पृष्ठमा ▶▶

## पोखरामा डेङ्गी सङ्क्रमितको सङ्ख्यामा वृद्धि

**पोखरापत्र संवाददाता**
पोखरा, २६ साउन

पछिल्ला दुई सातामा पोखरा महानगरपालिकामा १२९ जना डेङ्गी सङ्क्रमणका बिरामी थपिएका छन्।

यही साउन १० गतेसम्ममा ३०३ जनामा डेङ्गी सङ्क्रमण पुष्टि भएकामा आइतबार उक्त सङ्ख्या वृद्धि भइ ४३२ पुगेको हो। जुन यस वर्ष गण्डकी प्रदेशभरमा पुष्टि भएका सङ्क्रमितमध्ये आधा भन्दा बढी सङ्ख्या हो। प्रदेशको स्वास्थ्य मन्त्रालयका अनुसार गत पुसयता मनाङबाहेक प्रदेशका १० जिल्लामा कूल ८११ जनामा डेङ्गी सङ्क्रमण पुष्टि भएको छ।

प्रदेश राजधानी पोखरा गत वर्ष डेङ्गीको 'हटस्पट' बनेको थियो। उक्त वर्ष पोखरा महानगरपालिकामा मात्र आठ हजार ६०० जनाभन्दा बढीमा डेङ्गी सङ्क्रमण भएको थियो। डेङ्गी सङ्क्रमणबाट पोखराका तीन जनाको मृत्यु भएको थियो।

साउनदेखि कात्तिकसम्म डेङ्गी सङ्क्रमणको जोखिम उच्च रहने भएकाले आगामी दिनमा सङ्क्रणको दर बढ्न सक्ने अनुमान गरिएको छ। गत वर्षजस्तो सङ्क्रमण व्यापक हुन नदिन उच्च सतर्कता अपनाइएको स्वास्थ्य मन्त्रालयले जनाएको छ। स्वास्थ्यमन्त्री कृष्णप्रसाद पाठकले डेङ्गी सङ्क्रमणको न्यूनीकरण, रोकथाम तथा व्यवस्थापनका लागि मन्त्रालय मातहतका सबै निकाय तयारी अवस्थामा रहेको बताउनुभयो। वर्षायाम सुरु भएपछि डेङ्गी सङ्क्रमणको दर बढ्दै गएको हो। गण्डकी प्रदेशमा हालसम्म सबैभन्दा बढी कास्कीमा ४४१, तनहुँमा १२०, लमजुङमा ९३, गोरखामा ५८, बागलुङमा ३२, स्याङ्जामा ३२, पर्वतमा २०, म्याग्दीमा १०, नवलपुर चार र मुस्ताङमा जम्मा एक जनामा डेङ्गी सङ्क्रमण पुष्टि भएको हो। कास्कीमा सङ्क्रमण पुष्टि भएका ४४१ मध्ये ४३२ जना पोखरा महानगरपालिकाका हुन्। पोखरा महानगरलगायत प्रदेशका स्थानीय तहहरूले समुदायस्तरमा डेङ्गी फैलनबाट रोक्न डेङ्गी सार्ने लामखुट्टेको बासस्थान खोज्ने र नष्ट गर्ने अभियान सञ्चालन गरिरहेका छन्। उक्त लामखुट्टेको टोकाइबाट बच्न सचेतना जगाउने र अभिमुखीकरण गर्ने काम भइरहेको पोखरा महानगरपालिकाको स्वास्थ्य महाशाखाले जनाएको छ। लामखट्टेको वासस्थान खोज्ने र नष्ट गर्ने अभियान वडा तहदेखि नै सुरु भएपनि डेङ्गी रोकथाम चुनौतीपूर्ण बन्दै गएको छ। हरेक व्यक्ति, परिवार र समुदाय सचेत नभएसम्म डेङ्गी रोकथाम र नियन्त्रण गर्न कठिन हुने स्वास्थ्यकर्मी बताउँछन्।

डेङ्गी रोग सार्ने 'एडिस एजिप्टाई' जातको पोथी लामखुट्टेको वासस्थान सबैभन्दा बढी पुराना टायरभित्र जमेको सफा पानीमा रहने गरेको छ। सफा र जमेको पानीमा उक्त लामखुट्टेले फुल पार्ने र लार्भा हुर्काउने गर्दछ। लामखुट्टेको टोकाइबाट बच्नु नै डेङ्गी नियन्त्रणको उत्तम उपाय मानिन्छ।

मानव बेचबिखन अपराध हो।

◆ मानिसलाई झुक्याएर बन्धक बनाउने वा दास बनाउने,
◆ मानिसलाई खरिद विक्री गर्ने र जवरजस्ती काममा लगाउने,
◆ कुनै प्रकारको फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउने,
◆ प्रचलित कानून विपरीत मानव अङ्ग झिक्ने वा व्यापारिक प्रयोजनमा खरिद बिक्री गर्ने,
◆ वेश्यागमन गर्ने वा गराउनेजस्ता कार्य मानव वेचविखन मानिने कार्य हुन्।

यस्ता कार्य गर्ने गराउने व्यक्तिलाई कानूनबमोजिम कारवाही हुन्छ।
त्यस्तो कार्य कहि कतै भए गरेको जानकारी भए नजिकको प्रहरीमा खबर गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड


## लामिछानेलाई बैंक जमानतमा छाड्न अदालतद्वारा अस्वीकार

**रासस**
लुम्बिनी, २६ साउन

सहकारीको रकम अपचलन तथा ठगीलगायत मुद्दामा थुनामा रहेका पूर्वगृहमन्त्री तथा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछानेलाई जिल्ला अदालत रुपन्देहीले बैंक जमानतमा छाड्न अस्वीकार गरेको छ।

रुपन्देही जिल्ला अदालतले लामिछानेको निवेदनमाथि सोमबार सुनुवाइ गर्दै बैंक जमानत अस्वीकार गरेको हो। जिल्ला न्यायाधीश नारायण सापकोटाको इजलासले निवेदक लामिछानेको निवेदनमा गरिएको मागबमोजिम नहुने आदेश गरेको जिल्ला अदालतका सूचना अधिकारी पदम अर्यालले जानकारी दिनुभयो। लामिछानेले आफ्नो

बाँकी अन्तिम पृष्ठमा ▶▶



**सुक्तिसुधा**

आशा गरिबको सबै भन्दा ठुलो सम्पत्ति हो ।
- एल्फ्रेड डे

**सम्पादकीय**

# गण्डकी प्रदेशका कार्यालय खारेज

गण्डकी प्रदेश सरकारले प्रदेशको प्रशासनिक संरचनामा व्यापक हेरफेर गरेको छ । प्रशासनिक पुनर्संरचनाका लागि गठित अध्ययन समितिले दिएको सुझाव र प्रमुख सचिव नेतृत्वको अर्को समितिको प्रतिवेदनका आधारमा केही कार्यालय खारेज गरेको छ । अध्ययन समितिको सुझाव र प्रतिवेदनका आधार मानेर सोमबार बसेको मन्त्रिपरिषद बैठकले ७ निर्देशनालयसहित ९ कार्यालय पूर्णतः खारेज गर्ने निर्णय गरेको छ । प्रदेश खर्चिलो भयो भन्ने जनआक्रोश मत्थर गर्न कार्यालय खारेजले केही करोड खर्च जोगिन्छ ।

गण्डकी प्रदेश अन्तर्गतका ३२ कार्यालय मर्ज गरेर १८५ कर्मचारी दरबन्दी कटौतीको निर्णय भएको मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले जानकारी दिएका छन । उनका अनुसार ३२ कार्यालय गाभेर १७ वटामा झारिएको छ । खर्च मितव्ययिता र चुस्त सेवा प्रवाहका लागि कार्यालय खारेज र मर्ज गरिएको मुख्यमन्त्री पाण्डेले जिकिर छ । प्रदेश संरचना महँगो भयो र राज्यको खर्च बढायो भन्ने आम जनगुनासोलाई सम्बोधन गर्दै प्रशासनिक खर्च कटौती गर्नु नै हाम्रो मूल उद्देश्य भएको मुख्यमन्त्रीको दावी छ ' संरचना घटाएर पनि काम सम्पन्न गर्न सकिन्छ भने अनावश्यक संरचना राख्नु आवश्यक छैन ।

कार्यालय घटाए पनि सेवा प्रवाहमा कुनै समस्या र संकुचन नआउने उनको मुख्यमन्त्रीको दाबी छ । यो भाषण गर्ने भन्दा जनताले अनुभूति गर्ने हो । सेवा प्रवाह चुस्त र छिटो हुन सकेमा अन्य प्रदेश र संघ सरकारले पनि अनावश्यक बोझ घटाउन सक्छ । संघीय सरकारका पूर्वसचिव शरदचन्द्र पौडेलको संयोजकत्वमा गठित 'प्रदेश प्रशासनिक संरचना पुनरवलोकन, अध्ययन तथा सुझाव समिति' को प्रतिवेदनलाई आधार मानेर यो पुनर्संरचनाको पहिलो चरण कार्यान्वयनमा ल्याइएको छ । समितिले जेठ २३ गते प्रतिवेदन बुझाएको थियो । सोही रिपोर्टका आधारमा प्रमुख सचिव खगेन्द्र सुवेदीको संयोजकत्वमा अर्को समिति गठन भएको थियो । समितिले आइतबार सरकारलाई प्रतिवेदन बुझाएको हो ।

प्रदेशका सबै ७ वटा निर्देशनालय खारेज गरिएको छ । हाल प्रदेशमा पर्यटन, कृषि, पशुपन्छी, पूर्वाधार, वन, शिक्षा र स्वास्थ्य मन्त्रालय अन्तर्गत निर्देशनालय थिए । त्यसबाहेक २ वटा केन्द्र (प्रादेशिक स्वास्थ्य तालिम केन्द्र र प्रादेशिक स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र) पनि खारेज भएका छन् । अब मन्त्रालय मातहत निर्देशनालय रहने छैनन् । निर्देशनालयको जिम्मेवारी सिधै मन्त्रालयले हेर्ने मुख्यमन्त्री पाण्डेले सुनाए । प्रदेश अन्तर्गत ११ जिल्लामा रहेका उद्योग पर्यटन र सामाजिक विकास कार्यालयहरूलाई घटाएर ६-६ वटामा झारिएको छ । अब एउटै कार्यालयले दुई जिल्ला हेर्ने गरी कार्यक्षेत्र तोकिएको छ । त्यसैगरी, मनाङ र मुस्ताङका कृषि ज्ञान केन्द्र र भेटेरिनरी अस्पताललाई गाभेर एक-एक वटा कार्यालय बनाइएको छ । क्षयरोग केन्द्र र स्वास्थ्य प्रयोगशाला गाभिएको छ । यी कार्यालय खारेजी र गाभ्दा १८५ दरबन्दी कटौती हुन्छ । तत्कालका लागि अधिकृतस्तरका ४१, सहायकस्तरका ९६ र श्रेणीविहीन ४८ कर्मचारीको दरबन्दी कटौती हुने मुख्यमन्त्री कार्यालयले जनाएको छ । यो निर्णयसँगै मन्त्रालयहरूले ३० दिनभित्र संगठन तथा व्यवस्थापन सर्वेक्षण गर्नुपर्ने भएको छ । त्यतिबेला पनि केही दरबन्दी कटौती हुन सक्ने मुख्यमन्त्री पाण्डेले बताए ।

प्रदेश सरकारले गरेको निर्णयले तत्काल कर्मचारीको तलबमा मात्रै वार्षिक ४० देखि ५० करोड रुपैयाँ बचत हुने अनुमान गरिएको छ । कार्यालय सञ्चालन र अन्य प्रशासनिक खर्चसमेत जोड्दा यो रकम अझ बढ्ने र दीर्घकालमा अवकाशपछिको दायित्वमा समेत ठुलो कटौती भई प्रदेशलाई आर्थिक रूपमा सबल बनाउन मद्दत पुग्ने पाण्डेले दाबी गरे । कार्यालय मर्ज र खारेजीसँगै सेवाप्रवाहमा धेरैले चिन्ता व्यक्त गरेका छन् । भइरहेको जिल्लाबाट अन्य जिल्लामा कार्यालय स्थानान्तरण भएपछि सेवा लिन टाढा जानुपर्ने भन्दै नागरिकलाई हुनेछ ।११ जिल्लाका कार्यालय ६ वटामा गाभ्दा सास्ती थपिने छ । यस्तै, अधिकांश कर्मचारीको चिन्ता र चासो वृत्ति विकास र सुविधामा छ । दरबन्दी कटौती र कार्यालय खारेजीले कर्मचारी वृत्तमा मनोवैज्ञानिक त्रास सिर्जना गरेको छ । स्थायी दरबन्दीका कर्मचारीलाई कुनै असर नपर्ने प्रतिबद्धता सरकारको छाकोही पनि स्थायी कर्मचारीको जागिरमा असर पर्दैन र उनीहरूको वृत्ति विकास रोकिने कुनै समस्या आउँदैन,' । प्रदेशका कर्मचारीहरूको वृत्ति विकास रोकेर संघका कर्मचारीलाई हस्र्लाई काम लगाउने काम हामी गर्दैनौं भन्ने व्यवहारमा देखिनुपरेछाकर्मचारीको मनोवल बढे मात्र सेवा प्रवाहमा सुधार आउँछाकाम लिन जाँदा सजिलो, कम खर्चिलो र छिटो हुन सकेमा कार्यालय खारेजीको औचित्य पुष्टि हुनेछ ।

# तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : कार्यमा सफलता | तुला | : व्यापारमा लाभ |
| वृष | : सहयोग मिल्नेछ | वृश्चिक | : शत्रुको भय |
| मिथुन | : सत्कार मिल्नेछ | धनु | : झमेला बढ्ने |
| कर्कट | : अप्रत्यसित लाभ | मकर | : शुभ यात्रा |
| सिंह | : शारीरिक झमेला | कुम्भ | : स्वास्थ्यमा सुधार |
| कन्या | : मानसिक तनाव | मीन | : आर्थिक समस्या |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्पर्कनुहोस् ।

# पहिरोले बेनी-जोमसोम सडकको म्याग्दी खण्ड अवरुद्ध

**पोखरापत्र संवाददाता**
म्याग्दी, २६ साउन

म्याग्दीको उत्तरी क्षेत्र हुँदै पर्यटकीय जिल्ला मुस्ताङलाई राष्ट्रिय राजमार्गसँग जोड्ने बेनी-जोमसोम सडकको म्याग्दी खण्ड सोमबार बिहानदेखि अवरुद्ध भएको छ ।

म्याग्दीको रघुगंगा गाउँपालिका-२ बैसरी, माझखर्क, अन्नपूर्ण गाउँपालिका-३ सुकेबगर र काभ्रेभिरमा खसेको पहिरोका कारण सडक अवरुद्ध भएको जिल्ला ट्राफिक प्रहरी कार्यालय म्याग्दीले जनाएको छ । कार्यालयका प्रमुख प्रहरी सहायक निरीक्षक विशाल दर्जीले सडक विभाग र बेनी-जोमसोम-कोरला सडक योजनाका निर्माण व्यवसायीहरूको डोजर परिचालन गरेर खुलाउने प्रयास भइरहेको बताउनुभयो ।

वर्षा नरोकिएको र निरन्तर पहिरो खसेकाले सडक खुलाउन समस्या भएको उहाँले बताउनुभयो । सडक अवरुद्ध हुँदा मुस्ताङ जिल्ला र म्याग्दीको अन्नपूर्ण गाउँपालिकाको सिधा यातायात सम्पर्क टुटेको छ । प्रतिकूल मौसमका कारण पोखरा-जोमसोम हवाई सेवा बन्द छ । स्थानीयवासीका साथै मुस्ताङ घुम्न जाने र फर्कने पर्यटकहरू प्रभावित भएका छन् ।

# लम्पी स्किनबाट ३० वटा गाईगोरु मरे

**रासस**
चितवन, २६ साउन

पशु चौपायमा लाग्ने रोग लम्पी स्किनबाट जिल्लामा ३० वटा गाईगोरु मरेका छन् । पशु सेवा कार्यालय चितवनका अनुसार असार अन्तिम साताबाट देखिएको यस रोगका कारण हालसम्म ३० गाईगोरु मरेका हुन् ।

कार्यालयकी सूचना अधिकारी डा सविना मिश्रका अनुसार अहिलेसम्म जिल्लाका ७९३ वटा गाईगोरु, भैंसीमा यो रोगको सङ्क्रमण देखिएको छ । जसमध्ये भैंसी-राँगा चार र गाईगोरु ७९३ वटा रहेका छन् । लम्पी स्किनबाट हालसम्म खैरहनी नगरपालिका बढी प्रभावित भएको उहाँले जानकारी दिनुभयो । उहाँका अनुसार सो पालिकामा हालसम्म ४२५ वटा पशु चौपाया प्रभावित भएका छन्भने २२ वटा मरेका छन् । रत्ननगरमा १९१ वटा पशु चौपाया प्रभावित भएका छन् । जहाँ ४ वटा गाई गोरु मरेका छन् । यस्तै राप्ती नगरपालिकामा ७५, भरतपुर महानगरपालिकामा ६२, माडी नगरपालिकामा २७ र कालिका नगरपालिकामा १३ वटा पशु चौपाया सङ्क्रमित भएका छन् । भरतपुर महानगरपालिकामा चारवटा पशु चौपाया मरेको उहाँले जानकारी दिनुभयो । उहाँका अनुसार रत्ननगरमा तीन र राप्तीमा एउटा भैंसी-राँगा प्रभावित भएका छन् । जिल्लामा लम्पी स्किन देखिन थालेपछि खोप लगाउने किसानको सङ्ख्या बढेको छ । हालसम्म ५९ हजार ९७४ वटा पशु चौपायालाई लम्पी स्किन विरुद्धको खोप दिई सकिएको उहाँले जानकारी दिनुभयो । गर्मीयाममा लामखुट्टे, झिँगालगायतका कारण यो रोगको प्रकोप देखिने गरेको मिश्रले बताउनुभयो ।

गाईभैंसीमा यो रोग देखापरेमा उच्च ज्वरो आउने, दानापानी कम खाने, दूध उत्पादन घटाउने, छालामा एकदेखि पाँच सेन्टिमिटरको साह्रो गोलो गिर्खा देखिने, ओँठ, मुख र नाकभित्र घाउ देखिने, आँखा र नाकबाट अत्यधिक मात्रामा तरल पदार्थ आउने, र्याल काढ्ने, लिम्फनोडहरू सुन्नेजस्ता लक्षण देखापर्दछन् । सङ्क्रमित गाईवस्तुको ओसारपसारबाट, सामुदायिक चरन क्षेत्र तथा दाना एवं पानी खाने ठाउँबाट, प्राकृतिक वा कृत्रिम गर्भाधानबाट यो रोग सर्ने गरेको कार्यालयले जनाएको छ । यो रोग लाग्न नदिनका लागि खोप लगाउने, विश्वसनीय स्रोतबाट गाईभैंसी खरिद गर्ने, गोठलाई झिँगा, लामखुट्टे तथा अन्य कीराबाट मुक्त राख्ने, सरसफाइमा ध्यान दिने र आवश्यकतानुसार कीट विकर्षकको प्रयोग गर्नुपर्ने मिश्रले बताउनुभयो ।

# बेनीको प्रादेशिक अस्पतालमा 'डायलाइसिस' सेवाको 'सिफ्ट' थपियो

**पोखरापत्र संवाददाता**
म्याग्दी, २६ साउन

म्याग्दीमा रहेको प्रादेशिक अस्पताल बेनीले मिर्गौलाका बिरामीको डाइलाइसिस सेवाको अवधि बढाएको छ । यसअघि दैनिक दुई चरण (सिफ्ट)मा 'डाइलाइसिस' सञ्चालन गर्दै आएको अस्पतालले तीन घण्टा समय बढाएर तीन सिफ्ट बनाएको हो ।

अस्पतालका प्रमुख चिकित्सक डा रविरञ्जन प्रधानले बिहान ७ बजेदेखि राति १० बजेसम्म डाइलाइसिस सेवा दिन थालिएको जानकारी दिनुभयो । "यसअघि बिहान १०देखि राति १० बजेसम्म डाइलाइसिस सेवा सञ्चालन गर्दा ३० जनाले सेवा लिने गरेका थिए," उहाँले भन्नुभयो "सिफ्ट बढाएपछि हाल ३५ देखि ३७ जनाले डाइलाइसिसगर्न पाउनुभएको छ ।" थप जनशक्ति र उपकरण व्यवस्थापन गरेर प्रतिक्षामा रहेका थप पाँच जना मिर्गौलाका बिरामीलाई जिल्लामै डाइलाइसिस सेवा उपलब्ध गराउने प्रयासमा रहेको डा प्रधानले बताउनुभयो । उनीहरु हाल डाइलाइसिसका लागि बागलुङ, कुश्मा र पोखरा जाने गरेका छन् । डाइलाइसिसका लागि पालो कुरेर बस्ने मिर्गौला रोगसम्बन्धी बिरामीको सङ्ख्या शून्यमा झार्ने लक्ष्य रहेको अस्पतालका प्रमुख डा प्रधानले बताउनुभयो । विसं २०७७ देखि बेनी अस्पतालमा निःशुल्क डाइलाइसिस सेवा सञ्चालन भएको थियो । अस्पतालमा पाँच 'डाइलाइसिस मेसिन' छन् । बेनी अस्पतालले डाइलाइसिस सेवा अवधि थप गरेपछि डाइलाइसिसका लागि पोखरा, बागलुङ र कुश्माको अस्पतालमा जाँदा हुने समय र खर्चको बचत भएको छ । मिर्गौलाका बिरामीले हप्तामा कम्तीमा दुईदेखि बढीमा चार पटक डाइलाइसिस गर्नुपर्छ ।

निजी अस्पतालमा एकपटक डाइलाइसिस गराउँदा यातायात, खानाबस्नसहित गरी एक पटकमा रु आठ हजार भन्दाबढी खर्च हुन्छ । गण्डकी प्रदेशमा म्याग्दी धेरै मिर्गौला पीडित भएको जिल्लाको रुपमासमेत चिनिन्छ । अस्पतालको सम्पर्कमा करिब ४० मिर्गौलाका बिरामी छन् ।

# पहिरोले मोदीको कोरुङ्गा गाउँ जोखिममा

**पोखरापत्र संवाददाता**
पर्वत, २६ साउन

लगातारको वर्षाका कारण जिल्लाको मोदी गाउँपालिका वडा नं २ देउपुरको कोरुङ्गा गाउँ जोखिममा परेको छ । भिरबाट पहिरो झर्ने क्रम नरोकिएपछि सिङ्गो गाउँनै जोखिममा परेको हो । यहाँ आधादर्जन घरपरिवारको बसोबास रहेको छ । पातीचौर-देउपुर-लप्सीबोट सडक निर्माणपछि करिब एक दशकदेखि सुरूआत भएको कोरुङ्गाको पहिरो बढ्दै गएर बस्ती तर्फ पुगेको हो । अहिले यहाँका पाँच घरपरिवार उच्च जोखिममा परेका छन् ।

पहिरोका कारण स्थानीय टीकाराम जैसीको घर भत्किएको छ, भने कुमार केसीको घर उच्च जोखिममा परेको छ । पहिरोले घर नै क्षतिग्रस्त भई बस्न अयोग्य भएपछि नेपाल प्रहरी, सशस्त्र प्रहरी र स्थानीय बासिन्दाको सहयोगमा सर सामान सुरक्षितस्थान तर्फ सारिएको छ भने बस्नको लागि अस्थायी टहरासमेत निर्माण गरिएको छ ।

पहिरो रोकथामको प्रयास नहुँदा यहाँका बासिन्दा रातभर जाग्राम बस्ने गरेको बाबुराम जैसीले जानकारी दिनुभयो । केही वर्ष पहिलेदेखि सुरू भएको पहिरोको रोकथामका लागि आवश्यक पहल हुन नसक्दा बर्सेनि झनै बढ्दै गएको र जोखिम बढिरहेको स्थानीयले गुनासो गरेका छन् । पहिरो झर्ने क्रम नरोकिएकाले जुनसुकै बेला बस्तीनै दुर्घटनामापर्ने भन्दै आवश्यक सतर्कता अपनाउन आग्रह गरिएको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक रविन विष्टले जानकारी दिनुभयो । गत वर्ष सोही पहिरोको कारण गाउँपालिकाको केन्द्रदेखि वडा नं १, २, ३ र ४ जोड्ने मुख्य सडक तीन महिना पूर्णरूपले अवरुद्ध भएको थियो । पातीचौर देउपुर लप्सीबोट सडकको कोरुङ्गा खण्डको झण्डै दुई किलो मिटर पक्की सडक क्षतिग्रस्त भएको छ । यसवर्ष पनि सो सडक पूर्णरूपले अवरुद्ध बनेको छ । गाउँपालिकाको केन्द्र जोड्ने मुख्य सडकनै अवरुद्ध भएपछि स्थानीयले निकै सास्ती बेहोर्नु परेको छ । अन्य वैकल्पिक सडकसमेत मर्मत सम्भार नहुँदा आवतजावतमा निकै समस्या परेको स्थानीय शिक्षक भूमिराज शर्माले जानकारी दिनुभयो । विकल्पको रूपमा रहेको बेतेनी गौँडा टापु सडक पनि स्तरोन्नति नहुँदा सञ्चालनमा कठिनाइ भएको उहाँले बताउनुभयो । नयाँपुल मख ठूली पोखरी सडक पनि ठाउँ ठाउँमा पहिरो गएर क्षतिग्रस्त भएको छ ।

वातावरणीय र भौगोलिक अवस्थालाई ख्याल नगरी अव्यवस्थित किसिमले सडक निर्माण गरिएको र ढल निकासको राम्रो व्यवस्था नभएका कारण ग्रामीण भेगका सडक निर्माण सम्पन्न नहुँदै क्षतिग्रस्त हुने गरेका छन् । वर्षाको समयमा गरिने निर्माण कार्यले पनि विपत्ति निम्त्याइरहेको स्थानीय बताउँछन् ।

# भानु नगरपालिकाले गुन्द्रुक ब्राण्डिङ गर्ने

**पोखरापत्र संवाददाता**
तनहुँ, २६ साउन



यहाँको भानु नगरपालिकाले गुन्द्रुकलाई ब्राण्डिङ गर्ने योजना बनाएको छ । 'भानु गुन्द्रुक' ब्राण्ड निर्माण गरी राष्ट्रिय तथा अन्तराष्ट्रिय बजारसम्म पुऱ्याउने योजना बनाएको हो ।

कृषिमा रूपान्तरण, आर्थिक विकास र सेवा प्रवाहमा सूचना प्रविधिको प्रयोग परियोजना अन्तर्गत सो योजना अघि बढाइएको नगर प्रमुख आनन्दराज त्रिपाठीले जानकारी दिनुभयो । इलामको रोङ गाउँपालिकाको अध्ययन भ्रमणपश्चात प्रेरणा मिलेको र भानुले स्थानीय उत्पादनलाई नयाँ ढङ्गले बजारीकरण गर्ने नीति बनाएको त्रिपाठीले बताउनुभयो । गुन्द्रुक उत्पादन, प्रशोधन र बजारीकरणका लागि नवीनतम् प्रविधि तथा व्यवस्थापन प्रणालीको प्रयोग गर्ने जनाइएको छ । जसअन्तर्गत स्थानीय कृषक समूहको क्षमता अभिवृद्धि, उत्पादनमा गुणस्तरको एकरूपता सुनिश्चित, 'प्याकेजिङ' र 'लेबलिङ'मा सुधार, 'भानु गुन्द्रुक' नामक राष्ट्रियस्तरको ब्राण्ड निर्माण गर्ने उहाँले जानकारी दिनुभयो । उत्पादन 'ट्र्याकिङ', अनलाइन बिक्री प्रवर्द्धन, डिजिटल मार्केटिङ, क्यूआर कोडमार्फत स्रोत पहिचानजस्ता उपाय पनि समावेश गरिने नगरपालिकाले जनाएको छ । किसानको आम्दानी वृद्धि गर्दै भानुलाई गुन्द्रुक उत्पादनको केन्द्र बनाउने लक्ष्य रहेको नगर प्रमुख त्रिपाठीको भनाइ छ ।

"गाउँको जीवनशैली, संस्कृति र आपसी आत्मीयता हाटबजारमै प्रतिबिम्बित हुने रहेछ, जसले वातावरणलाई अझै बढी जीवन्त बनाउनेछ", उहाँले भन्नुभयो, "हामीले स्थानीय उत्पादनलाई प्राथमिकता दिने, किसान र उपभोक्ताबीचको सम्बन्धलाई बलियो बनाउनुका साथै समुदायलाई हाटबजारको केन्द्रमा राख्ने ढाँचालाई अँगाल्नेछौँ ।" भानु नगरपालिकालाई गुन्द्रुक उत्पादनको हब बनाउने र कृषकलाई आर्थिक रूपमा सबल बनाउने लक्ष्यमा टेवा पुऱ्याउने विश्वास गरिएको छ । रैथाने खेतीलाई अभियानले प्रोत्साहन मिल्ने अपेक्षा गरिएको छ ।

# माउन्ट अन्नपूर्णका विद्यार्थीद्वारा माउन्टेन ग्लोरी रिसोर्टको अवलोकन

**निखिल सापकोटा**
पोखरा, २६ साउन




पोखरा ३, नदिपुर भिसि मार्गमा रहेको माउन्ट अन्नपूर्ण मा.विमाका विद्यार्थीले माउन्टेन ग्लोरी फरेस्ट रिसोर्ट एण्ड स्पाको अवलोकन गरेका छन् ।

आइतबार विद्यालयको कक्षा ११ मा अध्ययनरत विद्यार्थीहरुले पोखरा २१ दोबिल्लामा रहेको रिसोर्टको अवलोकन गरेको प्रशासक चित्र गुरुङले बताए ।

कक्षा ११ मा भर्ना भएका विद्यार्थीहरुलाई नियमित रुपमा होटल तथा रिसोर्टको अवलोकन तथा अध्ययन गर्ने योजना अन्तर गत कार्यक्रम आयोजना गरिएको प्रशासक गुरुङले उल्लेख गरे ।

१ सय जना विद्यार्थीहरुको सहभागिता रहेका अवलोकनमा प्रशासक गुरुङ, होटल म्यानेजमेन्ट विषय प्रमुख विकास गुरुङ, माउंटेनियरिङ विषयका प्रमुख कर्मा लामा र एकाउन्टेन्ट प्रमुख नवराज शर्माको सहभागिता रहेको थियो । अवलोकनको क्रममा होटलका विभिन्न डिपार्टहरु फ्रन्ट अफिस विभाग, हाउसकिपिङ विभाग, फूड एण्ड बेभरेज विभाग, बार लगाएतका विभिन्न विभागहरुको बारेमा रिसोर्टका फ्रन्ट अफिसर म्यानेजर देवेन्द्र महर्जनले विद्यार्थीहरुलाई जनाकारी गराएका थिए । माउन्ट अन्नपूर्णमा म्यानेजमेन्ट,होटल म्यानेजमेन्ट र माउंटेनियरिङ विषयमा कक्षा १२ सम्म पढाइ हुन्छ । विद्यालय गण्डकी प्रदेशकै पहिलो निजि स्तरबाट सञ्चालित शैक्षिक संस्था हो ।

# वन्यजन्तुको आक्रमणबाट मनाङमा ८७ पशुधन क्षति

**रासस**
मनाङ, २६ साउन

हिमाली जिल्ला मनाङमा वन्यजन्तुको आक्रमणबाट पशुधनमा क्षति बढ्दै गएको छ । वन्यजन्तुको आक्रमणबाट आर्थिक वर्ष २०८१/८२ मा ८७ पशुधनमा क्षति भएको अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना एकाइ कार्यालय (एक्याप) ले जनाएको छ।

यस वर्ष वन्यजन्तुको आक्रमणबाट याकचौरी ५८, बाख्रा, खसी र च्याङ्ग्रा २२, घोडा एक र गाई, गोरु छ गरी ८७ पशुचौपायको मृत्यु भएको अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना एकाइ कार्यालय (एक्याप) का प्रमुख ढकबहादुर भुजेलले जानकारी दिनुभयो । उहाँका अनुसार हिउँ चितुवा, चितुवा र भालुलगायत जङ्गली जनावरको आक्रमणबाट यहाँका किसानले पशुधनमा क्षति व्यहोर्नुपरेको छ।

गतवर्षको तुलनामा यसवर्ष वन्यजन्तुको आक्रमणबाट याकचौरी बढी मरेका छन् । गत आर्थिक वर्ष २०८०/८१ मा याकचौरी १७, बाख्रा, खसी र च्याङ्ग्रा ३७ र घोडा एक मरेका प्रमुख भुजेलले बताउनुभयो । आहारको अभावले वन्यजन्तुले घरपालुवा पशुलाई आक्रमण



गर्ने क्रम बढ्दै गएको उहाँले बताउनुभयो । उहाँले भन्नुभयो, “मांसाहारी वन्यजन्तुको आहार वनजङ्गलमा पाउन मुस्किल भएपछि घरपालुवा पशुलाई आक्रमण गर्ने क्रम बढ्दै गएको हो।” याकचौरी खुला आकाशमा पाल्ने प्रचलन छ। एकै किसानले धेरै सङ्ख्यामा याकचौरी पालन गर्छन् । जसले गर्दा जोगाउन मुस्किल हुने गरेको छ । उहाँले भन्नुभयो, “याकचौरीका बाच्छाबाच्छीको सुरक्षाका लागि अहिले भने तारबार लगाएर सुरक्षित बनाइन्छ । तर, ठूला भएका याकचौरी खुला चौरमा नै राख्ने गरिन्छ । जसले गर्दा वन्यजन्तुको आक्रमणमा पर्ने गरेको अध्ययनले देखाउँछ।”

साना चौरी भाग्न सक्दैनन् । जसले गर्दा बढी आक्रमणमा पर्ने गरेका छन् । तर, ठूला याकचौरी भाग्ने गर्दछन् र आक्रमणमा पर्दैनन् । विगतमा चरण क्षेत्र (खर्क) मावन बस्ती नजिकै हुने र अहिले तापक्रम वृद्धि हुँदै गएपछि खर्कमाथि सर्दै जाँदा वन्यजन्तुको आक्रमण बढ्दै गएको प्रमुख भुजेलको अनुमान छ।

उहाँले भन्नुभयो, “जलवायु परिवर्तनको प्रत्यक्ष प्रभाव हिमाली क्षेत्रको खर्कमा परेको छ । यसको प्रभावले तापक्रम वृद्धि भई खर्क माथि सर्दै गएको छ । खर्क माथि सरेर पशुको चरण क्षेत्र वनजङ्गलको नजिक हुँदा वन्यजन्तुको आक्रमणमा पर्ने सम्भाव्यता बढेको छ।” पानीको मुहान भएका क्षेत्रमा घाँसे मैदान (खर्क) हुने भएकाले वन्यजन्तुको आक्रमणको जोखिम कम हुने गरेकामा अहिले परिवर्तन भएको पाइन्छ।

पशुपालक किसान एवं याकचौरी कृषक महासङ्घ गण्डकी प्रदेशका अध्यक्ष सुरेश थाकालीले भन्नुभयो, “विगतमा वन्यजन्तुको आक्रमण हुन्थ्यो । तर, कम हुने गर्दथ्यो । अहिले बढ्दै गएको छ ।” पहिला पशु मरे भने क्षतिपूर्ति पाउने प्रावधान थिएन । जसले किसान मर्कामा पर्ने गरेका उहाँले बताउनुभयो ।

पशुधनमा क्षति भए सरकारले किसानलाई प्रोत्साहन र सहयोग पुऱ्याउने उद्देश्यले क्षतिपूर्तिको व्यावस्था गरेको छ । जसले पशुपालक किसानलाई राहत महसुस भएको अध्यक्ष थकालीको भनाइ छ । पानीका मुहान सुक्ने र समयमा हिमपात नहुँदा तल्लो क्षेत्रमा घाँसेमैदान हराउँदै गएकाले जङ्गल क्षेत्रमै चरण क्षेत्र बन्ने गरेको छ। जसले गर्दा वन्यजन्तुको आक्रमण बढ्दै गएको आँकलन गर्न सकिने एक्यापले जनाएको छ। पानीको अभावले घाँसेमैदानको ठाउँ नै फेरिदा यहाँका पशुपालक किसानलाई समस्या हुनुका साथै जोखिममा पर्ने गरेका छन् ।

# धार्मीक पर्यटन प्रवर्द्धनका लागि लायन्स अभियान

**पोखरापत्र संवाददाता**
वालिङ, २६ साउन

धार्मीक पर्यटन प्रवर्द्धनका लागि लायन्स क्लव पोखरा चौतारीले अभियान चलाएको छ । पूर्वीय धर्म, संस्कार र संस्कृतिको संरक्षण तथा प्रवर्द्धन लागि गण्डकी प्रदेशका विभिन्न धार्मीक क्षेत्रको अवलोकन तथा भ्रमण गर्दै प्रवर्द्धन गर्दै आएको हो।

क्लवका सदस्यहरुले हिन्दु धर्म अनुसार पवित्र मानिने साउन महिनाको अवसर पारेर स्याङ्जाको भीरकोटमा रहेको छाँयाक्षेत्र (छाङ्छाङ्दी) मन्दिरमा पूजाआजा तथा विविध धार्मीक गतिविधिमा सहभागी भएका हुन् । प्रत्येक बर्ष जस्तै यो बर्ष पनि छाँयाक्षेत्र मन्दिरमा क्लवका सदस्यहरु धार्मीका कार्यमा सहभागी भएको क्लवका अध्यक्ष पर्शुराम पौडेलले जानकारी दिनुभयो । मन्दिरको लागि आर्थिक सहयोग गर्नुका साथै भावी योजनाका बारेमा छलफल गरिएको उहाँको भनाई छ । छाँयाक्षेत्र मन्दिरमा आयोजना गरिएको पर्यटन प्रवर्द्धन छलफलमा नेपाल पत्रकार महासंघ



गण्डकी प्रदेशका अध्यक्ष रमेश पौडेल राजमार्गसँगै भएकोले पनि धार्मीक पर्यटनको राम्रो सम्भावना भएको बताउनु भयो।

पोखरा र स्याङ्जाका धार्मीक पर्यटकीय क्षेत्रलाई जोडेर अगाडि लैजानु पर्नेमा उहाँको जोड छ । मन्दिरका अध्यक्ष पितम्वर श्रेष्ठले बृहत गुरुयोजना निर्माण गरी मन्दिरको व्यवस्थापन गर्ने काम गरिरहेको जानकारी दिनुभया । सो अवसरमा लायन्स क्ववका पूर्व अध्यक्ष मोहनबाबु खड्का तथा शरद साप्कोटा,निर्देशकहरु सन्जिव बहादुर कोईराला रामचन्द्र अधिकारी,बिनोद पौडेल,माधव प्रसाद पौडेल लगायतले पर्यटनको सम्भावन बोकेको क्षेत्रलाई कसरी अगाडि बढाउने भन्ने बिषयमा आआफ्नो धारणा राखेका थिए। छाँयाक्षेत्र मन्दिरमा महाशिवरात्री, बैशाखे सक्रान्ती, श्रावण सक्रान्ती, हरिसयनी एकादशी, साउनको सोमबार, तिज, श्रीकृष्णाष्टमी, माघेसक्रान्ती, हरिबोधनी एकादशी, बालाचर्तुदशी, माता तीर्थऔंशी, प्रत्येक एकादशी, ग्रहण नुहाउने मेलालगायत विभिन्न पर्वहरुमा विशेष मेला लाग्ने गर्दछ। सिद्धार्थ राजमार्गसँगै रहेको धार्मीक पर्यटकीय छाँयाक्षेत्रमा नेपालसँगै भारतका पर्यटनहरु पुग्ने गरेका छन् ।

# बेनी-जोमसोम सडकमा राति सवारी सञ्चालनमा रोक लगाइने

**पोखरापत्र संवाददाता**
म्याग्दी, २६ साउन

पहिरोका कारण जोखिमयुक्त बेनी-जोमसोम सडकको म्याग्दी खण्डमा स्थानीय प्रशासनले रातीको समयमा सवारीसाधन सञ्चालन गर्न रोक लगाउने भएको छ।

जिल्ला सुरक्षा समिति म्याग्दी र मुस्ताङको निर्णयअनुसार यही साउन २७ गते मङ्गलबार साँझदेखि बेनीदेखि घाँसासम्मको सडकमा साँझ ६:०० देखि बिहान ५:०० बजेसम्म सवारी आवतजावत बन्द गरिने भएको हो।

मुस्ताङका प्रमुख जिल्ला अधिकारी विष्णुप्रसाद भुसालले अर्को सूचना जारी नहुँदासम्मका लागि रातको समयमा सडकमा सवारी आवतजावत पूर्ण रुपमा बन्द गर्ने निर्णय भएको जानकारी दिनुभयो । म्याग्दीका प्रमुख जिल्ला अधिकारी गुरुदत्त ढकालले बर्सातको समयमा पहिरोको जोखिम भएकाले रातिको समयमा यात्रा नगर्न अनुरोध गरिएको र स्थानीय प्रहरीचौकीमार्फत दुई जिल्लाले समन्वय गरेर निर्णय कार्यान्वयन गरिने बताउनुभयो।

रघुगङ्गा गाउँपालिका-२ बैसरी, माझखर्क, अन्नपूर्ण गाउँपालिका-२ भुरुङभिर, ३ गुइठेभिर, सुकेबगर र काभ्रेभिरमा पहिरो खस्ने समस्या छ।

बेनी-जोमसोम सडक स्तरोन्नति अन्तिम चरणमा छ । बेनी-जोमसोम-कोरला सडक योजना कार्यालयले पहिरो पन्छाउने र यातायात सञ्चालन गर्दै आएको छ।

# मनाङमा सार्वजनिक यातायातको भाडादर घटाइयो

**पोखरापत्र संवाददाता**
मनाङ, २६ साउन

मनाङको बेसीसहर-चामे-खाङसार सडकमा सञ्चालित सार्वजनिक यातायातका साधनको भाडादर घटाइएको छ । साविकको तुलनामा आधा भाडादर घटाइएको हो । सार्वजनिक यातायात आचारसंहिता, २०६७ को परिपालना गर्नेसम्बन्धी निर्णयको पालनका सम्बन्धमा बृहत् छलफल पश्चात् नयाँ भाडादर निर्धारण गरिएको प्रमुख जिल्ला अधिकारी मातृका आचार्यले जानकारी दिनुभयो । आगामी दिनमा उक्त आचारसंहिताको पूर्ण रूपमा परिपालना गर्न निर्देशन दिने, सोको निरन्तर अनुगमन, मुल्याङ्कन गर्ने तथा उल्लङ्घन भएको पाइएमा कानुन बमोजिम कारवाही गर्ने निर्णय गरिएको छ । साथै सडकखण्डको अवस्थामा आएको सुधार, यात्रुको भाडादरमा भएको समायोजन तथा जिल्लाको स्वीकृत जिल्ला दररेटका आधारमा ढुवानीको दरसमेतलाई समायोजन गर्ने निर्णय गरिएको छ। प्रजिअ आचार्यले भन्नुभयो, “अस्थायी मार्ग तथा भाडा निर्धारण समितिको बैठकबाट भाडादर निर्धारण गरिएको छ। भाडा निर्धारण गरिएपछि स्थानीयलाई सहज हुनेछ।” बैठकले विगतमा रु एक हजार ५०० भाडा लिने सो रुटको भाडादर हाल रु ७५० निर्धारण गरेको छ । नयाँ भाडादर आगामी भदौ १ गतेबाट लागु हुनेछ।


## सेदी पावर कम्पनी लिमिटेड
**कास्की जिल्ला पोखरा मनपा वडा नं. ५, मालेपाटन**
**सम्पर्क नं. ९८४६५१७६६६**
इमेलः saidihydro@yahoo.com

## दोश्रो बार्षिक साधारण सभा बस्ने सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति २०८२।०४।२७

यस कम्पनीको मिति २०८२ साल साउन महिना २६ गते सोमबार बसेको सञ्चालक समितिको बैठकको निर्णयानुसार यस कम्पनीको **दोश्रो वार्षिक साधारण** सभा देहाय बमोजिमको मिति, समय र स्थानमा निम्न विषयहरु उपर छलफल तथा पारित गर्न बस्ने भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**वार्षिक साधारण सभा हुने मिति, समय तथा स्थान :**
सभा हुने मिति : २०८२।०५।१८
समय : बिहान १०:०० बजे
स्थान : कम्पनीको रजिष्टर्ड कार्यालय, कास्की जिल्ला पोखरा म.न.पा. वडा नं. ५, मालेपाटन

**छलफलको लागि पेश गरिने विषयहरूः**

**क) साधारण प्रस्तावहरु :**
१. संचालक समितिको तर्फबाट अध्यक्षज्यूले आ.व. २०८१/०८२ को वार्षिक प्रतिवेदन प्रस्तुत गर्ने र सो उपर छलफल गरी पारित गर्ने सम्बन्धमा।
२. लेखापरिक्षकको प्रतिवेदन सहितको आ.व.२०८१/०८२ को वासलात, नाफा नोक्सान बाँडफाँड हिसाब, सोहि अवधिको नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरु उपर छलफल गरि पारित गर्ने सम्बन्धमा।
३. आर्थिक वर्ष २०८२/०८३ को लागि कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार लेखा परिक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा।

**ख) विशेष प्रस्तावहरु :**
१. कम्पनीको पूँजीको संरचना परिवर्तन तथा पुँजी वृद्धि गर्न प्रबन्धपत्र संशोधन गर्ने विशेष प्रस्ताव सम्बन्धमा।
२. हकप्रद शेयर वा जगेडा शेयर जारी गर्ने, सोको माग गर्ने तथा बाँडफाँड गर्ने सम्बन्धमा सम्पूर्ण प्रकिया सञ्चालन गर्ने अधिकार सञ्चालक समितिलाई प्रदान गर्ने प्रस्ताव सम्बन्धमा।
३. प्राथमिक सार्वजनिक निष्काशन (IPO) जारी गर्ने सम्बन्धमा।
४. प्राथमिक सार्वजनिक निष्काशन (IPO) बाट प्राप्त रकम ऋण तिर्ने सम्बन्धमा।
५. कम्पनीलाई प्राथमिक सार्वजनिक निष्काशन (IPO) गर्ने सम्बन्धमा नियमनकारी निकायले प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्न, फेरबदल, संशोधन, परिमार्जन गर्न वा मिलाउन कुनै सुझाव वा निर्देशन दिएमा सोहि अनुरुप आवश्यक समायोजन गर्न कम्पनीको संचालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धमा।

**ख) विविध :**

सञ्चालक समितिको निर्णय बमोजिम
**कम्पनी सचिव**


# स्याङ्जामा सम्वन्ध बिच्छेद र बालविवाहको संख्यामा उच्च

**श्रीकृष्ण सिग्देल**
स्याङ्जा, २६ साउन

स्याङ्जामा आर्थिक बर्ष २०८१/०८२ मा सम्वन्ध बिच्छेद र बाल विवाह गर्ने संख्या उच्च रहेको देखिएको छ। जिल्ला अदालत स्याङ्जाले सार्वजनिक गरेको बार्षिक प्रगति विवरण र गण्डकी प्रदेश जनस्वास्थ्य कार्यालय स्याङ्जाले दिएको तथ्याङ्को आधारमा सम्वन्ध बिच्छेदका घट्ना र वाल विवाहको तथ्याङ्क उच्च देखिएको हो । उमेर नै नपुगी विवाह गर्ने संख्या उच्च हुनु र सम्वन्ध बिच्छेदका घट्ना बढ्नुले स्याङ्जा गम्भीर सामाजिक समस्याका रुपमा हेरिएको छ। बालविवाह हुनु र सम्वन्ध बिच्छेदका घट्नाहरु एकअर्का सगँ जोडिएको हुनसक्ने अनुमान गरिएको छ।

जिल्ला अदालतले सार्वजनिक गरेको तथ्याङ्क अनुसार अदालतमा दर्ता भएका अधिकांक मुद्धा मध्ये सबैभन्दा धेरै सम्वन्ध बिच्छेद (डिभोर्स) का रहेका छन् । प्रदेश जनस्वास्थ्य कार्यालय स्याङ्जाले दिएको तथ्याङ्क अनुसार आर्थिक वर्ष २०८१/०८२ मा जिल्लाका स्वास्थ्य संस्थामा २ हजार ५ सय ५९ महिलाले गर्भ परीक्षण गरेकोमा २ सय १० जना युवती अर्थात ८.२ प्रतिशत महिलाहरु २० वर्षमुनि रहेको तथ्याङ्कले देखाएको छ । यो तथ्याङ्कले परिपक्क अथवा कानुनले तोकेको २० बर्षभन्दा माथी नपुग्दै विवाह गर्ने प्रचलनले पनि सम्वन्ध बिच्छेद हुने गरेको अनुमान सामाजिक अगुवाहरुले लगाएका छन्। आर्थिक वर्ष २०८१/०८२ मा जिल्ला अदालत स्याङ्जामा दर्ता भएका १ हजार ७ मुद्दामध्ये ५ सय २१ मुद्दा सम्बन्ध विच्छेदका मात्रै रहेका छन् । अदालतमा कुलदर्ता नयाँ मुद्दामध्ये ६० प्रतिशत सम्बन्ध विच्छेदका रहेको तथ्याङ्कले देखाएको छ।

पुराना (जिम्मेवारी सरेका) ८७ सहित सम्बन्ध विच्छेदका कुल ६ सय ८ मुद्दामध्ये ५ सय १८ मुद्दा फछ्र्यौट भएर ९० वटामात्रै मुद्दा फछ्र्यौट हुन बाँकी रहेको जिल्ला अदालत स्याङ्जाले जनाएको छ । पुराना १६ नयाँ ८५ सहित वैवाहिक सम्बन्ध अन्त्य तर्फका १ सय १ मुद्दामा ७७ फछ्र्यौट हुँदा २४ मुद्दा बाँकी रहन गएको अदालतका श्रेष्तेदार भूमिप्रसाद शर्माले जानकारी दिए। यता कानूनले २० वर्ष मुनिको विवाहलाई मान्यता नदिएपनि स्याङ्जामा ‘बालविवाह’ व्यापक रहेको तथ्याङ्कले देखाएको छ । जिल्लामा सुरक्षित प्रसूति सेवा लिने ८ सय ८२ महिला मध्ये १२ दशमलब ३५ प्रतिशत अर्थात १ सय ९ जना २० वर्ष नपुगेका युवती रहेको पाइएको छ । त्यस्तै ९ सय २४ जनाले महिलाले गराएको सुरक्षित गर्भपतनमा ४३ जना अर्थात ४.६५ प्रतिशत महिला पनि बालविवाहकै सूचीमा रहेको प्रदेश जनस्वास्थ्य कार्यालय स्याङ्जाका प्रशासक केशव चापागाईंले बताए। किशोरावस्थामै भागेर विवाह गर्ने, गरीवी र अशिक्षाका कारण सानैमा विवाह गरिदिने, गरम्परागत सोच र सामाजिक संजालको प्रभावका कारण बावविवाह हुने गरेको हरेक तथ्याङ्कले देखाउछ । जसले गर्दा विवाह लामो टिकाउ हुन नसक्दा सम्वन्ध बिच्छेदमा परिणत हुने घट्नक्रमले देखाएको छ। बालविवाह र सम्बन्ध बिच्छेदका घट्ना बढ्नु मुल कारण अपरिपक्क विवाह भन्ने लागेको श्रेस्तेदार शर्माको भनाई छ । स्याङ्जामा सम्बन्ध बिच्छेदका मुद्धादर्ताको प्रकृति हेर्दा ठ्याक्कै संख्या भन्न सकिएन श्रेस्तेदार शर्माले भने,‘सरदर उमेर हेर्दा १८ बर्षदेखी २५ बर्षभित्रका सम्बन्ध बिच्छेदका लागि आएको देखिन्छ ।’ यसमा सबैभन्दा बढी प्रेम विवाह जो सामाजिक संजालबाट नै विवाहमा परिणत भएको पाएका छौं उनले भने। बालविवाहले निम्त्याउने विभिन्न समस्याहरु मध्ये आर्थिक अभाव, मानसिक दवाव र जिम्मेबारीबोधको कमजोरीका कारण सम्वन्ध बिच्छेदलाई बढवा दिएको देखिएको छ । यसलाई न्युनिकरण गर्न शिक्षाको पहुँच बढाउने, बालविवाह विरुद्ध जनचेतना फैलाउने र कानुनी प्रावधानहरुलाई प्रभावकारी कार्यन्वयन गर्न आवश्यक छ। यसका लागि स्थानीय सरकारहरु बढी जिम्मेवार हुनुपर्ने सामाजिक अगुवाहरु बताउछन्।

# स्याङ्जामा बजार अनुगमन




**पोखरापत्र संवाददाता**
स्याङ्जा, २६ साउन

चाडपर्व नजिकिदै गर्दा जिल्ला प्रशसन कार्यालय स्याङ्जाले उपभोक्ता हक, हित र अधिकारलाई मध्यनजर गर्दै बजार अनुगमन कार्य सुरु गरेको छ । उपभोक्ताको स्वास्थ्यलाई ध्यान दिदै जिल्ला सदरमुकामस्थित खाद्यान्न तथा किनारा पसलमा अनुगमन तथा निरीक्षण गरिएको छ।

सदरमुकामको ब्यस्त बजार घुम्ति, दुर्गानगरका किनारा पसलहरुको अनुगमन गरेको हो । पुतलीबजार नगरपालिका-१ घुम्ति-चिसापानी मार्गका बजारमा झण्डै दर्जन पसलमा अनुगमन तथा निरीक्षण गर्दा अधिकांश पसलमा राखिएका खाद्यन्न तथा पेय पदार्थमा म्याद गुज्रेको भेटिएको थियो। अनुगमनका क्रममा करेन्ट मःम मसला, चार्टमसला, सेन्चुरी मरिच धुलो, अचार मसला, करेन्ट चाउमिन मसला, सेन्चुरी चाउमिन मसला, पानीपुरी मसला, यिर्बानी मसाली, चिज बल्स र लेज लगायतका फास्ट फुडका खाद्यय सामग्रीमा म्याद गुज्रेको भेटिएको प्रशायक प्रमुख जिल्ला अधिकारी दिपक पौडेलले जानकारी दिए। पसल दर्ता नगरी, सामग्रीको मूल्य सूची नराखिएको, मूल्य एकरुपता नभएको, लेवल र तौल नलेखिएको खाद्यान्न सामग्री प्याकिङ गरि बिक्री गर्दै आएको भेटिएको छ । पसलधनीलाई आवश्यक काजगात र प्रक्रिया पुरा गरि पसल संचालन गर्न, खाद्यान्न सामग्री खरिद तथा खरिदमा आवश्यक ध्यान दिन र म्याद गुज्रेका सामग्री नबेच्न सचेत गराइएको सहायक प्रजिअ पौडेलले बताए । म्याद गुज्रेका अखाद्य वस्तुलाई अनुगमन टोलीले संकलन गरि नष्ट गरेको छ।

प्रशासन कार्यालयको अगुवाईमा बजार अनुगमन तथा निरीक्षण गरिएको हो । आउँदै गरेका चार्डपर्वलाई मध्यनजर गर्दै प्रशासनले बजार अनुगमनलाई नियमित गर्ने जनाएको छ।